परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक


9854020595
9801620595
कान्तिपुर
फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

वर्ष : ३ अंक : ८४ पृष्ठ ४ २०८१ पौष २८ गते, आइतबार 12-January, 2025 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# वर्दिवास नगरको मेरुदण्ड शुभ स्वस्तिक अस्पताल







● माधव पौडेल

वर्दिवासमा अवस्थीत शुभ स्वस्तीक अस्पतालले आज एक कार्यक्रमको विच १५ औं वार्षिक उत्सव तथा शुभ स्वस्तिक ईन्स्टीच्युट प्रा.लि.का विद्यार्थि स्वागत कार्यक्रमको आयोजना गरीएको थियो ।

वर्दिवास नगरपालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सभाध्यक्षता भने अस्पतालका निर्देशक दिपक कार्किले गरेका थिए ।

विगत १५ वर्षदेखि वर्दिवास तथा आसपासका विरामिहरुको स्वास्थ्य उपचार गरेर राम्रो ख्याति कमाएको अस्पतालले शुलभ स्वास्थ्य सेवाका साथै टेक्नीकल शिक्षा पनि प्रदान गर्दै आईरहेको छ । कार्यक्रममा शुभकामना मन्तव्य राख्दै मेयर क्षेत्रीले शुभस्वस्तीक अस्पतालको कारणले गर्दा वर्दिवासका सवै किसिमका विरामिले सेवा पाईरहेको र आवश्यक परेको वेलामा वर्दिवास अस्पतालसंग पनि समन्वय गर्दै स्वास्थ्य विमा कार्यक्रम मार्फत कार्यक्रमहरु संचालन गरेको कुरा वताए । निजि तथा सरकारी सवै अस्पतालहरुले नागरीककै सेवा गर्नुपर्ने भएकाले स्वास्थ्यमा नाफा मात्र हेर्न नमिल्ने वताए । मान्छेको जिवन वचाउन सकिएको खण्डमा त्यो भन्दा ठुलो मूल्य कुनै नहुने हुँदा सवैलाई एउटै डालोमा हाल्न नमिल्ने वताए । सरकारको निति निर्देशन अनुसार दिनुपर्ने सहुलिएत प्रदान गरेको छ कि छैन त्यो हेर्ने दायित्व नगरपालिकाको भएको र त्यसमा शुभ स्वस्तिक आज सम्म उत्कृष्ट नै रहेको र आगामि दिनमा पनि उत्कृष्ट नै रहनेछ भन्ने विश्वास आफुले लिएको वताए ।

अस्पतालका निर्देशक तथा संचालक दिपक कार्किले मेरो आफ्नो घर पनि यहि भएको हुँदा अस्पतालका सेवाग्राहि पनि मेरा आफ्नै दाजुभाई दिदिवहिनिहरु हुने हुँदा हामिले कहिल्यै मुनाफालाई मात्र नहेरेको वताए ।

मुनाफालाई मात्र केन्द्रविन्दु मानेर संचालन भएका निजि अस्पतालको हालत हामि सवैको आँखा अगाडि प्रष्ट भएको हुँदा सानोतिनो यो गदानले मात्र अस्पतालले निरन्तर १५ वर्ष पार नगरेको वताए । सेवा दिने क्रममा भएका सानातिना कमि कमजोरीलाई सुधार्दै प्रदेशकै उत्कृष्ट सेवा दिने अस्पतालको रुपमा आफुलाई उभ्याउन पाउँदा खुसि लागेको वताए । यस वर्षवाट अस्पतालले नर्सिङ कार्यक्रम पनि संचालन गरेको हुँदा यहाँका वासिन्दाले सहज र सुलभ टेक्नीकल शिक्षा पाउनेछन् ।

होटल पर्यटन संघ मधेस प्रदेशका अध्यक्ष हिरा गौतमले अस्पतालको सेवावाट यस क्षेत्रमा पुगेको योगदानको चर्चा गर्दै यसवाट पर्यटन व्यवसायमा पनि आशाको किरण देखिएको वताए ।

हामिले सेवा दिने देशि विदेशि पाहुनाहरुलाई स्वास्थ्य समस्या परेको वेला तुरुन्त अत्याधुनिक सेवा सहितको स्वास्थ्य सुविधा पाउने ठाउँ यो अस्पतालले दिएपछि उनिहरु निश्चीन्त भएर यस क्षेत्रको भ्रमण गर्ने र यस ठाउँलाई वासको लागि पनि प्रयोग गर्ने गरेको वताए । प्रदेशमा मात्र नभै देशकै नमुना अस्पताल वनोस भन्ने शुभकामना पनि गौतमले दिएका छन् ।





परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# एकता दिवश र पृथ्वीनारायण

गोरखाको माझकोटमा रहेको गोरखा दरबारमा वि.सं.१७७९ पुस २७ गते जन्मेका पृथ्वीनारायण शाह राजा भएपछि उनले राज्य विस्तारको अभियान थाले । तत्कालीन बाइसे चौबिसे राज्यहरूलाई एउटा देश बनाउने उनको यो अभियान नेपालको एकीकरण भनेर इतिहासमा पढिन्छ ।

पृथ्वीनारायण शाहले नै सेनाको स्थापना समेत गरे। राज्य विस्तार अभियानको नेतृत्व पृथ्वीनारायण शाहले गरे। तर उनको यो अभियानलाई साथ दिएका थिए गोरखाकै कालु पांडे, विसे नगर्ची, वंशु गुरूङ, मणिराम गाइने अनि इतिहासमा नाम उल्लेख हुन नसकेको गोरखा राज्यका कैयौं प्रजाहरूले। काठमाडौं उपत्यकामा विजय प्राप्त गरेपछि राजधानी नै सारे। गोरखामै जन्मिएर राजा भएका पृथ्वीनारायण शाह नै गोरखाका अन्तिम राजा भए। पृथ्वीनारायण शाह, उनका परिवार र केही भारदार शासन सरे सँगै ठाउँ सरेर काठमाडौं तर अधिकांश उनका सहयोगी तथा प्रजा भने गोरखामै रहे ।

गोरखा राज्यकै राजाले सुरू गरेको राज्य विस्तारको अभियानले एकीकृत देश बनाउने गौरव त हासिल गऱ्यो। राज्य विस्तारको क्रममा विभिन्न राज्य माथिको विजयको उत्सवसँगै त्यतिबेलै गोरखा राज्य र गोरखाली राजाको पहिचान पनि गुमाउँदै गयो। गोरखाबाट काठमाडौं सरेपछि शाहवंशीय शासन काठमाडौंबाट नै चल्यो। गोरखा र काठमाडौं बीचको साइनो त अब केबल गोरखा दरबारबाट हनुमानढोका दरबार लगेर दसैंमा फूलपाती लगेर भित्र्याउने मात्र त सीमित छ । जुन चलन आजभोलि पनि छ । यस बाहेक केही वर्ष यता नेपाली सेनाले पृथ्वीनारायण शाह हिँडेको पदमार्गमा एकीकरण पदयात्रा समेत आयोजना गर्ने गरेको छ ।

पृथ्वीनारायण शाहदेखि अहिलेसम्म आइपुग्दा मुलुकमा धेरै राजनीतिक व्यवस्था फेरिसकेको छ। हुन त पञ्चायतदेखि अहिले लोकतान्त्रिक गणतन्त्रसम्म गोरखाले प्रधानमन्त्री र धेरै मन्त्रीसम्म पायो। राजधानी काठमाडौंदेखि गोरखा त्यति टाढा पनि छैन। यातायातमा केही घण्टामा गोरखा सदरमुकाम पुगिन्छ। तर इतिहासको दृष्टिकोणले महत्वपूर्ण मानिएको गोरखा जिल्लामा खासै आहा भन्ने गरी विकास भएको भने देखिन्न। न त गोरखाको इतिहासको संरक्षण र प्रर्वद्धनमा खासै चासो देखिन्छ । गोरखासँग जितको गर्विलो इतिहास त छ। तर वर्तमानमा भने गोरखाको अवस्था सरदर अरू जिल्लाको भन्दा भिन्न भने छैन। जुन कुनै शासन व्यवस्था भए पनि कतै गोरखा शासकका निम्ति खोलो तऱ्यो, लौरी बिर्सियो त भएको होइन? भन्ने भान हुन्छ ।

# ‘मलाई जब्बर स्वास्नीमान्छेहरू मन पर्छन्’

● टक नेपाल

कवि तथा कथाकार बिना थिङका तीन कृति प्रकाशित छन्– छुकी (कथा संग्रह २०६९), रातोघर (कवितासंग्रह ३०७२) र याम्बुनेर ( कथासंग्रह २०७७) । १२ खरी कथा लेखन प्रतियोगिता (२०७६) मा उनी प्रथम भएकी थिइन् ।



“अर्को कथा ‘ज्याद्री आइमाई’ भन्ने छ । त्यसमा मुख्य पात्र हुन्, डोल्कर । डोल्कर यो समाजको पितृसत्तालाई चुनौती दिने गरी बलियो पात्रका रूपमा कथामा आएकी छे, ऊ जब्बर छे । मलाई जब्बर स्वास्नीमान्छेहरू मन पर्छन् ।

बिना थिङ

**हिजोआज के गर्दै हुनुहुन्छ ?**

अहिले म एउटा उपन्यासमाथि काम गरिराछु । यसले गर्दा फुटकर लेखहरूमा काम गर्ने समय अभाव भइरहेको छ ।

पछिल्लो समय यहाँले कुन कथा वा कथासंग्रह पढ्नुभयो, यहाँको समीक्षामा त्यो कस्तो कृति थियो ?

मैले भर्खरै ‘बाह्रखरी उत्कृष्ट कथा २०८१’ का केही कथा पढेँ । नयाँ पुस्ताका कथाकारले कथा लेखनका लागि छनोट गर्ने विषयवस्तुमा विविधता पाएँ । शैलीमा भने त्यति धेरै काम गर्न सकेको देखिनँ ।

आफैँ लेखनमा सक्रिय भएको समय भएकाले कसैको प्रभाव नपरोस् भनेर आख्यानहरू कम पढिरहेकी छु ।

**यहाँको बुझाइमा कथा के हो ?**

यसको एउटै सटीक उत्तर मसँग छैन । आफ्नो जीवन भोगाइ, अनुभव, अनुभूतिहरूमा परिकल्पना भरेर गद्यमा लेख्नु नै कथा हो भन्ने मलाई लाग्छ । मैले आजसम्म पढेका राम्रा कथाहरूबाट निकालेको निर्क्योलचाहिँ कथाको मुख्य उद्देश्य भनेकै पात्रको चरित्र स्थापित गर्नु हो ।

**यहाँले कथा किन लेख्नुहुन्छ ?**

मसँग पनि यस्ता थुप्रै भोगाइ, अनुभव र अनुभूति छन्, जसलाई म भन्न चाहन्छु । त्यसलाई प्रभावकारी ढङ्गबाट भन्ने माध्यम खोज्दा कविता वा अन्य विधाबाट भन्दा कथाबाट सम्प्रेषित गर्न उपयुक्त लाग्दा कथा लेख्छु ।

यहाँले कथा कसरी लेख्नुहुन्छ– कुनै घटनाबाट प्रभावित भएर, अकस्मात कुनै विषय फुरेर, अरुको पढ्दापढ्दै नयाँ कुरा दिमागमा आएर ?

कुनै घटनाबाट प्रेरित नभइने हो इन । कहिलेकाहीँ हिँड्दाहिँड्दै अनौठा पात्रसँग साक्षात्कार भइन्छ । कहिलेकाहीँ पुस्तकहरू पढ्दा वा फिल्महरू हेर्दा पनि क्लिक हुन्छ, अहो ! यसबारे म न्यायिक र विश्वसनीय ढङ्गले अझ विस्तृतमा भन्न सक्छु भन्ने पनि लाग्छ । मुख्य पक्ष भनेको ती विषयसँग म कतिको गहिरोसँग जोडिएकी छु, मभित्र त्यो अनुभूति कतिको पाकेको छ भन्ने हो । कहिलेकाहीँ लेख्छु भनेको कथा पनि अहिले बेला भएको छैन भन्ने लागेर यतिकै थन्काएकी पनि छु ।

**कथामा सामाजिक न्यायका मुद्दा वा महिलाका मुद्दा ल्याउन जरुरी छ कि छैन ?**

मुद्दा भन्ने शब्द एकदम गरुङ्गो भयो । हामीले बाँचिरहेको दुनियाँ नै अनियमित, अनिश्चित र असन्तुलित छ भने हामीले लेख्ने कथाहरूमा स्वतःस्फूर्त ती विषय आइहाल्छन् । उदाहरणका लागि म महिला भएकीले कथा लेख्दा मेरो निजत्व र भावनाहरू निसर्त त्यहाँ आउँछन् । अब यसलाई महिला मुद्दा भनेर बुझ्नुहुन्छ भने त्यही सही । म तामाङ बस्ती, तामाङ संस्कृतिमा भिजेको मान्छे, मैले कथा लेख्दा त्यहाँको धर्म, संस्कृति, आचरण, लबज र उत्पीडनका कुरा स्वतः आइहाल्छन् । अब यसलाई पहिचानको मुद्दा भनेर बुझ्न पनि सकियो ।

मैले भन्न खोजेको यही हो कि चाहेर वा नचाहेर मैले छनोट गर्ने विषय यिनै हुन्छन् । म कुनै श्वेत अमेरिकन वा चिनियाँबारे लेख्नै सक्दिनँ । लेखेँ भने त्यो कोरा लेखन हुन जान्छ । जुन लेखनमा लेखक कहीँ-कतैबाट जोडिएको छैन र गहिरो अनुभूति गर्न सकेको छैन भने त्यो भाषिक बुनोटले जति रसिलो भए पनि पाठकले आफूलाई त्यहाँ भेट्न सक्दैन । पाठकले आफूलाई ‘रिलेट’ गर्न नसकेको कुनै पनि सिर्जनामा आत्मा हुँदैन ।

**कुनै विषयमा कथा लेख्दै गर्दा त्यस विषयमा अध्ययन गर्नुहुन्छ कि ?**

लेखन एक प्रकारले लेखकको आफ्नो विचार स्थापित गर्न गरिने कर्म हो । विधा फरक हुन सक्छ । चाहे गजल होस्, कविता होस्, आख्यान वा गैर आख्यान होस्– जुनसुकै विधाबाट पनि लेखकले आफ्ना भावना नै सम्प्रेषित गर्छ । लेखकले कसरी समाजलाई हेर्छ, ग्रहण गर्छ वा कुन विचारबाट निर्देशित छ भन्ने उसका सिर्जना पढ्दा छर्लङ्ग हुन्छ । लेखकमा त्यस्तो विचार आज, एकै छिनमा निर्माण हुँदैन । वर्षौं उसले भोगेको, देखेको, अध्ययन वा सरसङ्गतबाटै उसको विचार निर्माण हुने हो । आफू स्पष्ट भएको विषयमा लेख्दा त्यो जुनै विधाको भए पनि विश्वसनीय हुन जान्छ । म पनि यही प्रक्रियाबाट गुज्रिन्छु ।

**कथाकारले के कस्ता विषयको अध्ययन गर्नुपर्छ भन्ने लाग्छ ?**

हामीले जतिसुकै निजत्वको कुरा गरौँ, भनौँ वा लेखौँ, त्यहाँ बाह्य वा अन्य उपस्थिति हुन्छ हुन्छ । भलै त्यो दृश्यमा नआउला । त्यस्ता अन्य उपस्थिति भनेको वातावरण, समाज, राजनीति, इतिहास जे पनि हुन सक्छन् । तिनीहरूकै प्रभावले म वा मेरो निजत्व संकटमा परिरहेको हुन सक्छ । त्यसैले त्यो अर्को पक्ष किन हाबी भइरहेछ भन्ने जान्न, त्यसको जरासम्म पुग्न कहिलेकाहीँ हाम्रा भोगाइ पर्याप्त नहुन सक्छन् । जे हामीबाट छुटिरहेछ, त्यो अरुको भोगाइबाट थाहा पाउन सकिन्छ । अरु कसैले चालिसौँ वर्षको अनुभवहरू किताबको रूपमा ल्याएको हुन्छ, जसलाई हामी ४० घण्टामा पर्गेल्न सक्छौँ । यो सुविधा हामीले पाएका छौँ र यो अनिवार्य छ ।

**यहाँले लेखेकामध्ये आफैँलाई सबैभन्दा बढी मन परेका कथा कुन–कुन हुन्, किन ?**

‘याम्बुनेर’ भन्ने कथा सबैभन्दा बढी मन पर्छ । त्यसमा सोममाया भन्ने जुन पात्र छ, त्यसले आफ्नो ठाउँबाट जति प्रतिरोध गर्न सक्छे, त्यो उसले कतै नहच्कीकन गर्छे । ऊ जीवनप्रति आशावादी छे र निरन्तर संघर्षको भट्टीमा होमिन तयार छे ।

अर्को कथा ‘ज्याद्री आइमाई’ भन्ने छ। त्यसमा मुख्य पात्र हुन्, डोल्कर । डोल्कर यो समाजको पितृसत्तालाई चुनौती दिने गरी बलियो पात्रका रूपमा कथामा आएकी छे, ऊ जब्बर छे । मलाई जब्बर स्वास्नीमान्छेहरू मन पर्छन् ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)



हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

HOTEL NAVYA Pvt. Ltd.
ISO 9001:2015 CERTIFIED
HOTEL NAVYA PVT. LTD.
Bardibas - 4, Mahottari, Nepal | Tel.: +977 - 9854034761 / 044-550761



AMENITIES
WIFI, FREE PARKING, ELECTRIC MASSAGE, GYM
SPANISH BAR, CONFERENCE HALL, BUSINESS CENTER, WEDDING HALL
BANQUET, CHILDREN FRIENDLY, ASHOK VATIKA, HOSPITALITY SERVICES
OUTDOOR COURTYARD TO READ, WORK AND RELAX



सुचना ! सुचना !! सुचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१/०९/०७ को निर्णय अनुसार यस संस्थाको २२ औँ साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्यलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियोमार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ ।

तपशील
मितिः २०८१/१०/०३ बिहिवार
समय : ११ बजे देखी
स्थानः IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

गीता अधिकारी
अध्यक्ष
समाज वचत तथा ऋण सहकारी संस्था
बर्दिबास–०१, महोत्तरी
सम्पर्क नं:.९८१९८१४४३६,९८४४०५२६३८

# जगहँसाई बनेको हाम्रो कूटनीति

**पारदर्शिताका नाममा एउटा राष्ट्रसँग सहमति वा सम्झौता गरेका सबै कुरा उसलाई खुशी तुल्याउन अनि अर्कोलाई होच्याउने गरी सार्वजनिक गरिहाल्ने अचम्मको व्यवहार हामीमा देखिएको छ ।**

● हेमन्त मल्ल ठकुरी

सबभन्दा पहिले यो प्रष्ट पार्न चाहन्छु कि म कूटनीतिज्ञ होइन। बरु नेपाल प्रहरीमा करिब ३० वर्ष कार्यरत रहँदा विभिन्न राष्ट्रका प्रहरीसँग अनुसन्धानको अनुभव सँगालेको छु । नेपाल प्रहरीमा सेवारत रहँदा तथा सेवानिवृत्त भएपछि पनि नेपाल भित्र र बाहिरसमेत काम गर्दा विभिन्न राष्ट्रका कूटनीतिज्ञहरूसँग भेटघाट र संगत गर्ने मौका पाएको छु, पाइरहेको छु ।

त्यसक्रममा मैले कैयौं पटक हाम्रा (नेपालका) राजनीतिज्ञहरूले कूटनीतिक मान्यता, अभ्यास र परम्पराको धज्जी उडाएको देखेको छु । त्यहीकारण पनि मैले यो लेखमार्फत कूटनीतिबारे केही लेख्ने जमर्को गरेको हुँ।

वास्तवमा कूटनीति (डिप्लोमेसी) एक यस्तो माध्यम हो जसले विभिन्न राष्ट्र र नागरिकबीचको आपसी सम्बन्ध र सहकार्यलाई उचित प्रकारले व्यवस्थित गर्दछ। खासगरी कूटनीतिको प्रयोग हरेक राष्ट्रका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक उद्देश्यहरू प्राप्त गर्नका हुँदै आएको छ। यसमा राष्ट्रको हित र स्वार्थ सर्वोपरि हुन्छ। यो मान्यताबाट अभ्यास गरिने कूटनीति शान्ति, सहयोग र प्रगतिको माध्यम बन्दछ। त्यसकारण कूटनीति एकापसका विवाद समाधान गर्ने साधन मात्र होइन, दुई राष्ट्रका (कहिलेकाहीँ दुई भन्दा धेरै राष्ट्रका) बीचमा आपसी समझदारी र मित्रताको पुल निर्माण गर्ने साधन पनि हो। त्यसैले कूटनीति सन्तुलित, पारदर्शी र दीर्घकालीन सोचमा आधारित हुनु आवश्यक छ ।

हामी सामान्य नागरिकको दृष्टिकोणबाट हेर्दा के नेपालको कूटनीति त्यसैगरी चलेको छ त? के यो सही बाटोमा हिँडिरहेको छ त ? देशमा लोकतन्त्र बहाली र गणतन्त्र स्थापनापछिको कालखण्डलाई नै हेरौं न। मुलुकको कूटनीतिक जिम्मेवारी सञ्चालन गर्ने अड्डाका रूपमा रहेको परराष्ट्र मन्त्रालयको जिम्मेवारी सही व्यक्तिको हातमा पुगेको छ त? देशका दूतको रूपमा गरिने विभिन्न मुलुकस्थित हाम्रा राजदूतहरूको छनोट तदनुरूप गरिएको छ त? अनि मित्रराष्ट्रहरूका बारेमा बोल्दा अथवा सम्बोधन गर्दा हाम्रा राजदूत, परराष्ट्रमन्त्री र राजनीतिज्ञहरूबाट कूटनीतिक सम्मान र शिष्टता कायम राखिएको छ त?

दुःखका साथ भन्नुपर्छ, त्यस्तो भएको देखिँदैन। त्यसको प्रष्ट तस्वीर चाँडै फेरिइरहने सरकार र सरकारपिच्छे फेरिरहने परराष्ट्र नीति र व्यवहारले पनि देखाउँछ । सरकारपिच्छे नै परराष्ट्र नीति, कूटनीतिक अभ्यास र व्यवहार परिवर्तित भएको देख्दा नेपालको कूटनीति राष्ट्रको हित प्रेरित भन्दा पनि पार्टी र व्यक्ति प्रेरित जस्तो देखिन्छ। हो, द्विपक्षीय वा त्यसभन्दा पनि बृहत् सम्बन्ध विकास गर्न पारदर्शी हुनैपर्छ। तर पारदर्शिताका नाममा एउटा राष्ट्रसँग सहमति वा सम्झौता गरेका सबै कुरा उसलाई खुशी तुल्याउन अनि अर्कोलाई होच्याउने गरी सार्वजनिक गरिहाल्ने अचम्मको व्यवहार हामीमा देखिएको छ। हामी हाम्रा मित्रराष्ट्रको संवेदनशीलतासँग जोडिएका विषयमा उटपट्याङपूर्ण सार्वजनिक अभिव्यक्ति दिन पनि कत्ति हिचकिचाउँदैनौं। हो, हामी यसबाटै जोगिनुपर्छ।




विगतदेखिका घटनाक्रम हेर्दा हाम्रा राजनीतिज्ञहरूले (सत्ता र विपक्ष दुवैतिरका) विभिन्न राष्ट्रका जिम्मेवार पदाधिकारीहरूले दिएका कूटनीतिक सन्देश र अभिव्यक्ति बुझ्न जानेको वा चाहेको देखिँदैन। अथवा बुझे पनि त्यसलाई आ-आफ्नै स्वार्थमा अर्थ्याएका छन्। यो नै सबैभन्दा ठूलो विडम्बना हो।

अर्कोतर्फ संसदीय सुनुवाइका नाममा कूटनीतिको क पनि नजानेका, तर राजनीतिक कोठरीको साइनोका कारण राजदूत सिफारिसमा परेका दूतहरूसँग संसदीय समितिमा हुनेहरू यसरी प्रस्तुत हुन्छन् कि तिनले राजदूत नियुक्त भएपछि गर्ने कामको योजना नै मागिदिन्छन्। अनि त के चाहियो, दूतमा सिफारिस भएकाहरू कसैले इजरायल-प्यालेस्टाइनको युद्ध रोक्न पहल गर्ने दाबी सुनाइदिन्छन्। कसैले सार्कको बैठकका लागि तदारुकता देखाउँछु भनिदिन्छन्। अनि कसैले त्यो राष्ट्रका राष्ट्र वा सरकार प्रमुखको नेपाल भ्रमण गराउँछु भन्ने खालका उटपट्याङ योजना पेस गरेर जगहँसाई गर्छन्। यस्तो जगहँसाई आम नेपालीका मानसपटलमा ताजा छन्।

देशको दूत बनेर पठाउन लागिएका व्यक्तिसँग योजना माग्ने होइन, राष्ट्रका प्राथमिकता बुझाउने र त्यसलाई कसरी कार्यान्वयन गर्ने भनेर सिकाउने हो। यो कुरा हाम्रा संसदीय समिति र त्यहाँ हुने माननीयहरूलाई कसले सिकाउने, कसले बुझाउने? अनि दूत भएर जान लागेकाहरूलाई राजदूतको पद विकासे अड्डामा गएर योजना बनाउन लागे जस्तो होइन भनेर कसले बुझाउने? हो, त्यो जिम्मेवारी बहन गर्ने पात्र पनि त्यसका लागि उपयुक्त हुनुपर्‍यो। नेताको दैलो चहारेर, चाकरीमा आफूलाई सिद्ध गरेर, अझ कतिपय अवस्थामा त नजराना बुझाएर पद पाएकाहरूका कारण देशको कूटनीतिक सामर्थ्य सबल बनाउन खोलिएका हाम्रा दूतावासहरू नेपालका ठूलाबडाका लागि धर्मशाला जस्तै बनेका छन्। त्यहाँ खटिएका कर्मचारी बजार घुमाउने, अस्पताल, स्कुल, कलेज चहार्न सघाउने गाइड सरह बनेको म आफैले पनि कैयौं पटक अनुभव गरेको छु। परराष्ट्रका कर्मचारीमा कार्यक्षमताकै ठूलो अभाव पनि देखिन्छ।

मित्रराष्ट्रका बारेमा के बोल्ने, कतिसम्म बोल्ने भन्नेबारे हाम्रो नेतृत्व कतिसम्म हचुवा छ भन्ने एउटा उदाहरण कुनैबेला भारतले ओगटेको नेपाली भूमि कालापानीको विषयमा वर्तमान प्रधानमन्त्रीले संसद्को रोस्ट्रममा बोलेका कुरा हुन् जो गैरकूटनीतिक र आपत्तिजनक थिए। त्यस्तै, समाचारमा आएअनुसार मित्रराष्ट्र चीनसँग केही समयअघि गरिएको बीआरआई कार्यान्वयनको फ्रेमवर्क सम्झौता सरकार बचाउनका लागि गरिएको बाध्यात्मक सम्झौता भएको अभिव्यक्ति वर्तमान परराष्ट्रमन्त्रीले भारतको एउटा सामान्य थिंकट्यांक संस्थाले आयोजना गरेको कार्यक्रममा दिनु कूटनीतिक रूपमा आपत्तिजनक अभिव्यक्ति हो। यस्ता हर्कतलाई गम्भीरतापूर्वक लिने कुनै राष्ट्रका परराष्ट्रमन्त्रीले अर्को मुलुकमा गएर यस्तो अभिव्यक्ति दिएको भए उनको राजनीतिक करिअर नै समाप्त हुन्थ्यो। तर विचार र बुद्धिले होइन, ताकत र दम्भले राजनीति चल्ने नेपाल जस्तो देशमा सबै चल्छ र चलिरहेको छ ।

मित्रराष्ट्रहरूसँग, अझ त्यसमा पनि छिमेकीहरूसँग कुनै असमझदारी उत्पन्न हुँदा असमझदारी हटाउन र देखा परेका गुनासो सम्बोधन गर्न विभिन्न तहमा, लगातार रूपमा सार्वजनिक जानकारी बिना पनि औपचारिक तथा अनौपचारिक वार्ता गरेर तनाव कम गर्ने प्रयास गरिरहनुपर्छ। हाम्रो जस्तो राष्ट्रका लागि एक छिमेकीसँग अत्यधिक नजिकिएर अर्को छिमेकीसँग टाढा हुन खोज्नु हाम्रो आफ्नै स्वास्थ्यका लागि पनि कदापि लाभदायक हुँदैन। व्यक्तिगत स्वार्थपूर्तिका लागि तनाव बढाउने खालका भडकावपूर्ण वक्तव्य र आरोपहरूबाट हामी जोगिनैपर्छ। तर हाम्रा जिम्मेवारी बोकेका नेताहरूको व्यक्तिगत स्वार्थका कारण गैरजिम्मेवार अभिव्यक्ति दिनानुदिन बढ्दै जानु सामान्य भएको छ ।

अझै पनि हाम्रो विश्वास के हो भने नेपालले कूटनीतिक व्यवहारमा सन्तुलन कायम राख्दै सहकार्य र संवादलाई प्रवर्द्धन गर्न सक्यो भने छिमेकीहरूसँग र मित्रराष्ट्रहरूसँग सम्बन्ध सुधार्न सफल हुनेछ ।

तर त्यसका लागि अहिलेको जटिल अवस्थामा उचित पात्रको छनोट सबभन्दा जरुरी छ। दुःख यो कुरामा छ कि त्यस्तो पात्र राजनीतिक दलहरूमा टर्च बालेर खोज्दा पनि देख्न सकिरहेको छैन ।

औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरही ,महोत्तरी
मधेश प्रदेश ,नेपाल

**बोलपत्र आहवान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/२८ )

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | कुल लागत अनुमान रकम रु. | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | AM/WORKS/NCB/07/081-082 | सोनामाई मन्दिरमा विवाह मण्डप एवम् पोखरी सौन्दर्यकरण | रु ८९,८२,८३०।५३ | रु२,२५,००० ।०० | रु ३०००।०० |
| २. | AM/WORKS/NCB/07/081-082 | बिपन्न दलित परिवारका घरधुरीहरुलाई आवासको लागि भवन निर्माण (दलित आवास कार्यक्रम ) | ----------- | रु७,१८,००० ।०० | रु ५०००।०० |

माथि उल्लेखित ठेक्कहरुको लागि सार्वजनीक खरिद अनुगमन कार्यालय वेबसाइट PPMO website www.bolpatra.gov.inp. बाट विस्तृत विवरण हेरी Online Bidding गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकिय अधिकृत





तस्वीर : ललन मण्डल

३०३औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिबश को अबसरमा बर्दिबासमा गौतम होटेलले आयोजना गरेको कार्यक्रममा पृथ्वीनारायण शाह को भेष भुषा मा सजिएका स्थानीय युवा अर्जुन काफ्ले ।

# हाम्रो सहकारी भएकोले यो अरुभन्दा पृथक छ : मेयर क्षेत्री

● लक्ष्मी चौधरी

२०३३ सालमा स्थापना भएको साझा संस्था भनेर चिनिएको वर्दिवासको पुरानो सहकारी संस्थाको साधारण सभा सम्पन्न भएको छ। बर्दिवास नगर पालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले बर्दिवास नगरपालिकाले किसान बहुमुखी सहकारी संस्थालाई आवश्यकताको आधार मा सहयोग गर्ने बताएका छन् ।

महोत्तरीको बर्दिवासमा शनिवार सो सहकारीको ९ औ बार्षिक साधारणसभालाई सम्बोधनगर्ने क्रममा उनले यस्तो बताएका हून । जनाबर र वतावरणका समस्या राष्ट्रिय समस्या भएकाले यसलाई स्थानिय सरकारले मात्रै समाधान खोजेर सम्भब नभएको बताए ।

उनले त्यसको समाधानकालागी संघ र प्रदेश सरकार जिम्मेवार बन्नुपर्नेमा जोड दिए । उनले बर्दिवास नगरपालिका भित्रको बिकासकालागी आफुले सर्बदलिय छलफल राख्न चाहेकाले यहाँको बिकास र समस्याको समाधानकालागी सबै एकजुट हुनुपर्ने आवश्यकता औल्याए ।

मेयर क्षेत्रीले बनक्षेत्रमा पोखरी



खन्न राष्ट्रिय बनसंग र सहकारी बनसंग छलफल भईरहेको जनाए ।

उनले भने,गौशला चोकमा नगर पालिकाले बोरीङ्ग खनेर त्यस मार्फत पानी निकालेर बितरण गरिरहेको छ। केहि मानिसहरुले र ाजमार्गमै जनावरहरुलाई खानेकुरा बितरण गरेर दुर्घटनाको सम्भाबना बढाईरहेको देखिन्छ ।

त्यसको उचित ब्यवस्थापनकालागी छलफल भईरहेको छ केहि दिन भित्रै यसले निकास पाउने छ । उनले बर्दिवासमा शिक्षाको किासकालागी नगरपालिकाले जनता बहुमुखी क्याम्पसलाई १० बिघा जग्गा दिएको छ ।

नगरपालिकाले अन्य जग्गा राम जनकी फन पार्क निर्माणकालागी छुटुयाई सकेकाले क्याम्पसलाई २० बिघा जग्गादिन नसकिने जानकारी दिए ।

मेयर क्षेत्रीले नगरभित्रका आम कृषकलाई कृषिमा आत्म निर्भर बनाउन अनुदान स्वरुप बिभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउदै उनले बिउ उत्पादन लगायतको बिबिध कार्यक्रम किसान बहुमुखी सहकारी संस्था मार्फत गर्न सकिएमा नगर पालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउने बिश्वास दिलाए ।

२०३३ सालमा स्थापना भएको यो सहकारी संस्थामा हाल ४ सय भन्दा बढी शेयर सदस्य रहेका छन।

संस्थाका अध्यक्ष भनुभक्त पोखरेलको अध्यक्षतामा सम्पन्न साधारणसभा सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरीएको छ । संस्थाको आर्थिक वर्ष २०८१/८२ मा आय तर्फ घरभाडा आम्दानी ,जग्गा भाडा आम्दानी,बजार ठेक्का र अन्य आम्दानी गरी कुल ३४ लाख ३८ हजार ५सय ८९ रुपैयाँ रहेको छ ।

त्यसैगरी ब्यय तर्फ कर्मचारीको तलब खर्च, बिद्युत लाईन जडान स्विकृती, सरसफाई खर्च, मसलन्द खर्च,बिद्युत महसुल, खानेपानी महसुल,भ्रमण खर्च, जग्गाको मलपोत खर्च,मर्मत खर्च, अध्यन तथा अबलोकन भ्रमण खर्च,मुद्दा खर्च,आयकर तथा अन्य कर खर्च, ईन्धन खर्च, साधारणसभा खर्च लगायत कुल १७ लाख ३४ हजार ४ सय २० रुपौयाँ खर्च रहेको संस्थाको बार्षिक प्रतिबेदनमा उल्लेख गरीएको छ ।

# माल्टामा सडक दुर्घटनामा परी बर्दिबासकी युवतीको मृत्यु



● टक नेपाल

युरोपेली मुलुक माल्टामा एक नेपालीको सडक दुर्घटनामा मृत्यु भएको छ ।

महोत्तरीको बर्दिबास नगर पालिका-३ घर भएकी २५ वर्षीया गौरीकुमारी बरालको उपचारका क्रममा आज मृत्यु भएको हो ।

रोजगारीको सिलसिलामा सन् २०२२ डिसेम्बरमा बराल माल्टा पुगेकी थिइन्। जनवरी ५ मा सडक दुर्घटनामा गम्भीर घाइते भएकी उनको उपचारका क्रममा शनिबार बिहान मृत्यु भएको एनआरएनए माल्टाका अध्यक्ष रेमलाल खनाल 'रेम्स'ले जानकारी दिएका हुन् । बरालको परिवारको सल्लाहबमोजिम मृतकको शव नेपाल पठाउन एनआरएनए माल्टाले सहजीकरण गरिरहेको उनले बताए ।

# नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको नेतृत्वमा मण्डल चयन

● टक नेपाल

महोत्तरीमा नेपाली कांग्रेस निकट नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको नेतृत्व सर्वसम्मत चयन गरिएको छ ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको प्रथम जिल्ला अधिवेशनले नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

प्रथम जिल्ला अधिवेशनबाट नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घ महोत्तरीको अध्यक्षमा विलटु मण्डल सर्वसम्मत निर्वाचित भएको छ ।

जसको उपाध्यक्षमा श्रवन मण्डल र जोगेन्द्र सिंह निर्वाचित हुनुभएको छ । सचिवमा निरज कुमार आले र निशान स्याङ्तान , ससचिवमा राम चरित्र र हरी राना, कोषाध्यक्षमा प्रिती चौधरी निर्वाचित हुनुभएको छ ।

त्यस्तै, सदस्यहरूमा गणेश मण्डल,राम कृष्ण मण्डल,पतिदेव मण्डल, रामविर मण्डल,नारायण मण्डल र सूर्य बहादुर माझी सर्वसम्मत निर्वाचित हुनुभएको छ ।



'राष्ट्रियता, समावेशी लोकतन्त्र, समाजवाद र आदिवासी जनजाति एकता' भन्ने मुख्य नारासहित महोत्तरीको औरही नगरपालकाको बजारमा भएको प्रथम जिल्ला अधिवेशनको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि नेपाली कांग्रेस महोत्तरीका जिल्ला सभापति नागेश्वर यादवले पार्टी सङ्गठनलाई बलियो बनाउन सबै एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभयो ।

उहाँले पार्टीका भातृ एवम् शुभेच्छुक सङ्गठनहरू बलियो र क्रियाशील हुन जरुरी रहेको बताउनुभयो । नेपाली कांग्रेस आदिवासी जनजाती महासंघका केन्द्रीय सदस्य विजय कुमार मण्डलले पार्टीका नेता कार्यकर्ता सबैले पार्टी सङ्गठनलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताउनुभयो । उहाँले पार्टीलाई बलियो बनाउन सबै तहका भातृ एवम् शुभेच्छुक सङ्गठनलाई चुस्त दुरुस्त राख्न सबै एकताबद्ध हुनुपर्ने बताउनुभयो । कार्यकमको अधयक्षता आदिवासी जनजाति महासङ्घ मधेश प्रदेशको सभापति ज्वती स्याताङ्गले गर्नुभएको थियो भने कार्यक्रममा नेपाली काग्रसमा नेता बजरंग नेपाली, नेता चिरञ्जीवि हमाल उपस्थित भएको थियो ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज
भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सैं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ Endosocopy/Diode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 24/7 Ambulance सेवा



SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान सम्पादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com